सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

शाखा प्रमुख श्री अर्जुन प्रसाद नेपाल शिनपा

शाखा प्रमुख श्री नमनारायाण वेल्वासे स्वास्थ्य शाखा शिनपा

शाखा प्रमुख श्री नगेन्द्र प्रसाद नेपाल शिनपा

**मिति २०७८/३/१७ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. नगरसभाको समिक्षा सम्बन्धमा ।

२. हाल सम्म भएको कामको समिक्षा सम्वन्धमा ।

३. सेवा प्रवाहको प्रभावकारीता सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को नगरसभा मिति २०७८/३/१० र ११ गते सम्मपन्न गरियो । उक्त नगरसभामा उठेका केही विषय वस्तुहरुलाई आगामी दिनमा समेटी कार्यकमहरु बनाउने साथै नगरसभा भव्य र सभ्य रुपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्र बाट अहम भुमिका निर्वाह गर्नु हुने सम्पूण जनप्रतिनिधी, कर्मचारी, राजनीतिक दल, पत्रकार लगायत सवैलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.का योजना तथा कार्यकम कार्यान्वयन भई करिव ९० प्रतिशत सम्पन्न भएको कार्यालयबाट जानकारी भयो । कार्यहरु सवै सम्पन्न भएका तर भुक्तानी बाँकी रहेकोले समयमै भुक्तानी लिन आ-आफ्नो वडाका वडा सचिव, प्राविधिक कर्मचारी, उपभोक्ता समितिहरुलाई सूचित गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिका, विशषगत शाखा, वडा कार्यालयहरुबाट जनतालाई प्रदान गरिरहेको सेवा सन्तोष जनकनै रहेको पाईयो । कुनै शाखा तथा वडामा रहने कर्मचारीहरु कही छोटो समयको लागि कतै गएको समयमा सेवा ग्राहीहरु आउने केही समयको लागि वैकल्पीक व्यवस्था नहुँदा सेवा ग्राहीहरुले सामान्य गुनासो गरेता पनि सेवा प्रवाह सहज रुपमा भैरहेको अवस्था रहेको छ । नगरपालिका, विषयगत शाखा र वडा कार्यालयबाट दिईने सेवालाई थप प्रभावकारी बनाउन कर्मचारीहरुको नियमित बैठक वस्ने, कर्मचारी र जनप्रतिनिधिहरु विच छलफल समन्वय गर्ने कार्य गर्नुको साथै कार्यालयमा लैङ्गिक डेक्सको स्थापना, र गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय गरयो ।

निर्णय नं. ४

यस शितगंगा नगरपालिकाका ग्रामीण कच्ची सडकहरुमा वर्षादको समयमा ट्याक्टर संचालन गर्दा बाटो बढी बिग्रन गई एम्बुलेन्स सेवा समेत बन्द हुन सक्ने अवस्था आउने भएकोले वर्षादको समय २०७८ साल श्रावण र भाद्र महिनामा ट्रक्टर संचालनमा रोक लगाउने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको नगरस्तरीय विपद व्यवस्थापन समितिको सिफारिस बमोजिम मनसुन जन्य विपदबाट पिडित वडा नं. ११ र १२ का पूर्ण क्षती भएका २७ जनालाई रु २५०००।- (पच्चीस हजार) र उच्च जोखिम आंशिक क्षति भएकालाई रु १००००।- (दस हजार) का दरले तत्काल राहत उपलब्ध गराउने निर्णय गरियो ।